जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २०२ २०७८ साल फागुन २९ गते आइतबार (13 Mar. 2022 Sunday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पेट्रोलियम पदार्थको आयात ३ पृष्ठमा : स्थानिय जनप्रतिनिधिहरू सँग ... ३ पृष्ठमा फ़ाइजर खोपले बालबालिकामा...

## काँग्रेस सप्तरीमा सभापति बाहेक ६ वटै पदाधिकारी संस्थापन पक्षका निर्वाचित



**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन ।**
नेपाली काँग्रेस सप्तरी जिल्ला कार्य समितिमा सभापति बाहेक ६ वटै पदाधिकारी संस्थापन पक्षका निर्वाचित भएका छन् ।

सात पदाधिकारीसहित ८४ सदस्यीय कार्यसमितिका लागि भएको निर्वाचनमा शनिबारसम्म पदाधिकारीको मतगणना मात्र सकिएको छ । सभापति पदमा शेखर कोइराला पक्षका रामदेव साह यसअघि नै संस्थापन पक्षका शत्रुधन यादवलाई १ सय १६ मतले पराजित गरि निर्वाचित भइसकेका छन् ।

निर्वाचन अधिकृत डा. रुद्र शर्माका अनुसार उपसभापति पदमा संस्थापन पक्षका फत्ते मोहम्मद १ हजार ६९ र रामप्रसाद मण्डल १ हजार ५९ मत ल्याई निर्वाचित भएका छन् । उनका निकटत्तम प्रतिद्वन्दी साह प्यानलका उपसभापतिका उम्मेदवार १ हजार ५३ र ध्रुब नारायण चौधरी ९ सय ५४ मत ल्याइ पराजित भएका छन् ।

सचिव पदमा संस्थापन पक्षका प्रभु नारायण चौधरी १ हजार १ सय ८२ र सनतकुमार मण्डल १ हजार ७५ मत ल्याई निर्वाचित भएका छन् । साह प्यानलका सचिवका उम्मेदवार नन्दकिशोर यादव १ हजार २७ र दुर्गानन्द यादव ७ सय ४५ मत ल्याई पराजित भएका छन् ।

यस्तै सहसचिव पदमा संस्थापन पक्ष कै घनश्याम साह घन्सी १ हजार २ सय ६५ र मनोज खड्का १ हजार ८६ मत ल्याई निर्वाचित भएका छन् । उनको निकटत्तम प्रतिद्वन्दी साह प्यानलका मो. मुश्लिम मियाँ ७ सय ५० र रामसुन्दर यादव ८ सय ४५ मतमा चित्त बुझाउनु परेको छ ।

कार्यसमितिका सदस्यसहित बाँकी ७७ पदको मतगणना भने जारि रहेको र समपूर्ण नतिजा पाउन अझै दुई दिन कुर्नु पर्ने अवस्था रहेको पार्टी प्रवक्ता प्रभातकुमार ललनले जानकारी दिए । दुई हजार ५ सय ३५ मतदाता रहेको काँग्रेसको निर्वाचनमा २ हजार ३ सय ४२ मत खसेको थियो ।

## तीनै तहको निर्वाचनमा गठबन्धनले नै निरन्तरता पाउँछ : मातृका यादव



**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन ।**
नेकपा माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य एवं पूर्वमन्त्री मातृका प्रसाद यादवले तीनै तहको निर्वाचनमा यही गठबन्धनले निरन्तरता पाउने बताएका छन् । उनले आगामी तीन तहको निर्वाचनमा गठबन्धनसँगै जानु पर्ने पार्टीको धारणा समेत रहेको बताए ।

राजविराजमा शनिबार प्रेस सेन्टर नेपाल सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताउँदै अहिलेको गठबन्धन ओलीको प्रतिगमन प्रबृति बिरुद्ध र जनताको चाहना बमोजिम भएकाले यसलाई भत्काएर अघि बढ्नु कसैको हितमा नहुने उनको जिकिर गरे ।

केन्द्रिय समितिको हालै बसेको बैठकले समेत गठबन्धनलाई बचाएर लैजाने निर्णय गरेको भन्दै उनले गठबन्धनमा मात्र जोड नदिएर माओवादी केन्द्रले आफ्नो शक्ति संचयनमा समेत जोड दिनुपर्ने धारणा राखे ।

उनले अमेरिकी सहयोग नियोग एमसीसीसँगको सम्झौताको विषयमा ओलीले माओवादी केन्द्रलाई एक्ल्याउन

*बाँकी अन्तिम पृष्ठमा*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा बिभाग

031-520034
031-520134
E-mail : hosp-sagarmatha@mohp.gov.np

### गजेन्द्र नारायण सिंह अस्पताल
राजविराज, सप्तरी

**चिकित्सक वा स्वास्थ्यकर्मी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७८।११।२९**

प्रस्तुत विषयमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मी करारमा पदपूर्तीका लागि लोक सेवा आयोगद्वारा निर्धारण गरिएको शैक्षिक योग्यता पुरा गरेका इच्छुक नेपाली नागरिकले २१ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस अस्पतालमा आवेदन दिनुहुन अनुरोध छ ।

**तपसिल**

| सि.नं | पद | तह | सेवा | समूह | रिक्त दरवन्दी |
|---|---|---|---|---|---|
| १. | कन्सल्टेन्ट डर्माटोलोजि | ९ | स्वास्थ्य | डर्माटोलोजी/लेप्रेलोजी/भेनेरल डिजिज | १ |
| २. | कन्सल्टेन्ट इ.एन.टी.सर्जन | ९ | स्वास्थ्य | अटोरिनोल्यारिङ्गोलोजी | १ |
| ३. | कन्सल्टेन्ट प्याथोलोजिष्ट | ९ | स्वास्थ्य | प्याथोलोजिष्ट | १ |
| ४ | कन्सल्टेन्ट साइक्याट्रीष्ट | ९ | स्वास्थ्य | साइक्याट्री | १ |
| ५. | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९ | स्वास्थ्य | एनेस्थेसियालोजि | १ |
| ६. | कन्सल्टेन्ट रेडियोलोजिष्ठ | ९ | स्वास्थ्य | रेडियोलोजी | १ |
| ७. | कन्सल्टेन्ट पेडियाट्रिसियन | ९ | स्वास्थ्य | पेडियाट्रिक्स | २ |

१. दरखास्त दिने अन्तिम स्थान: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज, सप्तरी ।
२. दरखास्त दिने अन्तिम मिति: २०७८ चैत्र २० गते सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा अस्पताल खुल्ने अर्को दिन ।)
३. करार सेवाका लागि दरखास्त पेश गर्ने व्यक्तिले अधिकृत स्तरको पदका पदको हकमा रु १०००।- दस्तुर बुझाउनु पर्नेछ ।
४. परीक्षाको किसिम: अन्तर्वाता
५. आवेदन फारमसाथ संलग्न गर्नु पर्ने कागजातहरु:
- प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नामदर्ता र नविकरण भएको,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- परीक्षा दस्तुतर राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्याललय, राजविराज (राजश्व खाता नं. १०००२०००१०००० राजश्व शीर्षक नं. १४२२४) मा रु १००० को दस्तुर तिरेको नगदी रसिद संलग्न हुनुपर्ने ।
- सम्बन्धीत पदको न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो २ प्रति
- परिक्षा फारम यसै अस्पतालको प्रशासनको शाखावाट उपलब्ध गराईने छ ।

६. सेवा सुविधा: चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम हुनेछ ।
७. करार अवधि: आ.व. २०७८।०७९ अषाढ मसान्तसम्म हुनेछ ।
(नोट: पेश गर्नु पर्ने सबै प्रतिलिपिको प्रमाणको पछाडि आवेदक स्वयंले हस्तार गरी पेश गर्नु पर्नेछ । आवेदन फारमको ढाँचा र सूचना सम्बन्धी अन्य जानकारीको अस्पताले उपलब्ध गराउँनेछ । थप अन्य जानकारीको लागि अस्पताल प्रशासनमा सम्पर्क राख्न मोवाइल नं. ९८५२८२११५५।)
८. सम्पर्क मिति २०७८ चैत्र २३

## सरकारको विभेदकारी नीतिका कारण निजि विद्यालय संकटमा



**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन ।**
सरकारको विभेदकोशिकारमा परेका कारण शिक्षा क्षेत्रसँगै आफूहरु पनि संकटमा परेको निजि विद्यालयका संचालकहरुले दुखेसो पोखेका छन् ।

शनिबार स्थानिय लालिगुरास सेकेन्ड्री स्कुल प्राङ्गणमा नेशनल प्याब्शनका राष्ट्रिय अध्यक्ष पाण्डव हमाल ठकुरीको स्वागत र सम्मानमा नेशनल प्याब्शन सप्तरीद्वारा आयोजित कार्यक्रममा सहभागि संचालकहरुले यस्तो दुखेसो पोखेका हुन् ।

उनीहरुले कोरोना संक्रमण फैलिन थालेपछि २०७७ चैत ११ देखी सुरु भएको लकडाउन तथा

*बाँकी तीन पृष्ठमा*

# पेट्रोलियम पदार्थको आयात धान्न गाह्रो हुँदैछ, विद्युतीय उपकरण प्रयोग गरौँ : ऊर्जामन्त्री भुसाल

ललितपुर, २८ फागुन (रासस)। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेसँगै आयात धान्न मुश्किल हुँदै गएकाले अब विद्युतीय उपकरण प्रयोग गर्न आह्वान गर्नुभएको छ।

ललितपुरमा शनिबार आयोजित एक कार्यक्रममा उहाँले विगतको तुलनामा विद्युत् सस्तो भएको र खाना पकाउने ग्याससहित पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढेकाले आफ्नै देशको कच्चा पदार्थबाट उत्पादित ऊर्जा प्रयोग गर्न आग्रह गर्नुभएको हो। ग्यासको सट्टा इन्डक्सन चुल्हो प्रयोग गर्ने नीतिअनुसार आफूले विद्युत्को महसुल घटाएको उल्लेख गर्दै मन्त्री भुसालले भन्नुभयो, "यहाँहरूलाई मेरो विशेष अपिल छ, विद्युतीय चुल्हो प्रयोग गरौँ। त्यो ग्याससभन्दा सस्तो छ।"

हाल एक सिलिन्डर ग्यासको मूल्य रु एक हजार ५०० भन्दाबढी भएको छ। त्यसको मूल्य निरन्तर बढ्दै जानेछ। त्यसैगरी पेट्रोल र डिजेलको मूल्य पनि बढ्दै गएको छ। एक लिटर पेट्रोलको मूल्य रु १५० तथा एक लिटर डिजेलको मूल्य रु १३० भन्दाबढी पुगेको र आगामी दिनमा तिनको मूल्य निरन्तर बढ्ने भएकाले पनि विद्युतीय साधन प्रयोग गरेर जीवनलाई सहज बनाउनुपर्नेमा उहाँको जोड थियो। मन्त्री भुसालले भन्नुभयो, "दिनदिनै पेट्रोलको मूल्य बढेको छ, गाडी किन्नेले पनि अब विद्युतीय नै किन्नुपर्छ।"

ठूला सहरमा भाडामा बसेर आफ्नो पेशा तथा व्यवसाय गर्नेले पनि अब सजिलै विद्युतीय चुल्हो प्रयोग गर्न सक्ने बताउँदै उहाँले आवश्यक क्षमताको छुट्टै मिटर लिएर विद्युतीय उपकरण प्रयोग गर्न सकिने स्पष्ट पार्नुभयो। मन्त्री भुसालले भन्नुभयो, "घरभेटीको सहमतिमा डेरावालाले पनि छुट्टै विद्युत् मिटर राख्न सक्नेगरी मैले निर्णय गराएको छु। विद्युत् प्राधिकरणमा सम्पर्क गर्नु होला।"

विद्युतीय उपकरण प्रयोग गर्दा देशको आर्थिक क्षेत्रमा पनि महत्वपूर्ण सहयोग पुग्ने उल्लेख गर्दै मन्त्री भुसालले देशमा विदेशी मुद्राको सञ्चितिलाई सन्तुलित राख्न र जलविद्युत्को भरपुर उपभोग गरेर देशको आर्थिक अवस्था उकास्नका लागि सहयोग गर्न आग्रह गर्नुभयो।

आगामी आर्थिक वर्षदेखि कृषिका लागि आवश्यक पर्ने विद्युत् निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै उहाँले कृषिमा आत्मनिर्भर बनाउन सबै क्षेत्रमा सिँचाइको सुविधा पुर्‍याउन आफूले विशेष पहल गरेको र कृषकलाई अधिकतम फाइदा पुग्नेगरी ऊर्जाको सुनिश्चितता गर्ने वचन पनि दिनुभयो।

## सहिदद्वार उद्घाटन

धनुषा, २८ फागुन (रासस)। जनकपुर ढल्केबर छ लेन सडक आयोजनाअन्तर्गत मुजेलियामा जनकपुरधाम उपमहानगरपालिकाले निर्माण गरेको सहिदद्वार शुक्रबार साँझ प्रयोगमा आएको छ।

उपमहानगरपालिकाको करिब रु साढे चार करोडको लागतमा निर्माण गरिएको सहिदद्वार जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहले उद्घाटन गर्नुभयो।

धनुष आकारको सहिदद्वारको माथिल्लो भागमा भगवान् श्रीरामले धनुषमा ताँदो चढाएको आकर्षक मूर्तिका साथै मधेस आन्दोलनका क्रममा शहादत भएका सहिद नितु यादव, सञ्जय चौधरी र दिलीप यादवको अर्ध कदको शालिक राखिएको छ।

ती सहिदको सामूहिक दाहसंस्कार सोही ठाउँमा गरिएको थियो। यसैगरी उक्त आन्दोलनका क्रममा शहादत भएका अन्य ११६ मधेसी सहिदको नाउँ पनि शिलापत्रमा कोरिएको छ।

निकै भव्य र आकर्षकस्वरुपमा निर्माण सहिदद्वार निर्माण भएको छ। जनकपुरधामको गरिमालाई झल्काउने उक्त द्वारको सोही दिन साँझ धार्मिक अनुष्ठान पनि गरिएको थियो।

## निर्वाचनमा स्वतन्त्र र निष्पक्ष भएर काम गर्नुस् : ओली

काठमाडौँ, २८ फागुन (रासस)। नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा राष्ट्रसेवक कर्मचारीलाई स्वतन्त्र र निष्पक्ष भएर काम गर्न सुझाव दिनुभएको छ।

नेपाल निजामती कर्मचारी सङ्गठनको ११औँ राष्ट्रिय अधिवेशनको शनिबार यहाँ उद्घाटन गर्दै उहाँले भन्नुभयो, "नागरिकको हैसियतले कर्मचारीको निर्वाचनमा स्वतन्त्र र निष्पक्ष भूमिका हुनुपर्छ, कुनै पार्टी विशेष लाग्न हुन्न।" राष्ट्रसेवक कर्मचारीले जुनसुकै सरकारलाई असहयोग होइन साथ र सहयोग पुर्‍याउनपर्नेमा सुझाव दिँदै अध्यक्ष ओलीले एमाले प्रतिपक्षमा रहे पनि पार्टी प्रवेशको लहर चलेको बताउनुभयो।

आगामी निर्वाचन स्वच्छ र निष्पक्षकासाथ सम्पन्न गर्ने दायित्वमा नचुक्न सल्लाह दिँदै उहाँले लोकतन्त्र र ट्रेड युनियन अधिकारका औचित्यपूर्ण मागमा तलमाथि भएमा सहयोग र साथ दिने वचन दिनुभयो।

अध्यक्ष ओलीले देशको अर्थतन्त्र ध्वस्त अवस्थामा पुर्‍दै गरेको बताउँदै निर्वाचनका माध्यमबाटै पुनःसरकारमा आउने दाबी गर्नुभयो।

## कर्मचारी संगठन जिल्ला अधिवेशन चैत १२ मा हुने



**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन।** नेपाल राष्ट्रिय कर्मचारी महासंघ तथा नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामति जिल्ला समन्वय समिति सप्तरीको भेला तथा प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भएको छ।

छोटेलाल यादवको अध्यक्षता तथा संगठनका केन्द्रिय अध्यक्ष हरी रावलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा संगठनका केन्द्रिय ईन्चार्य गौरी शंकर सिंह, मधेस प्रदेशका अध्यक्ष रामउदगार यादव, नेकपा (माओवादीकेन्द्र)का केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्य अशोक कुमार मण्डल, केन्द्रिय सदस्य सुर्यनाथ यादव लगायतले प्रशिक्षणात्मक मन्तव्य दिएका थिए।

संगठनका केन्द्रिय अध्यक्ष रावलले वर्तमान जिल्ला कार्य समितिलाई विघटन गर्दै छोटेलाल यादव संयोजक र मनोज यादवको सहसंयोजकत्वमा २१ सदस्यीय आयोजक समिति चयन गरेको छ।

सो भेलाबाट चैत्र १२ गते शनिवारका दिन जिल्ला अधिवेशन गर्ने निर्णय समेत गरेको आयोजक समितिले जनाएको छ।

## झन्डै १३ अर्बको धान आयात

काठमाडौँ, २८ फागुन (रासस)। चालु आर्थिक वर्षको पहिलो सात महिनामा रु १२ अर्ब ४६ करोड ३४ लाख मूल्य बराबरका ४२ करोड ६३ लाख ५७ हजार ८१० केजी धान आयात भएको छ।

सो अवधिमा बङ्गलादेशबाट रु १४ हजार मूल्य बराबरका १६ केजी र भारतबाट रु तीन करोड २१ लाख ५२ हजार मूल्य बराबरका ११ लाख तीन केजी विभिन्न जातका धानका बीउ आयात भएको छ।

केही वर्षदेखि लगातार चामल, धान र धानका बीउको आयात बढ्दै गएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। चालु आर्थिक वर्षको पहिलो सात महिनामा भारतबाट ४२ करोड ५२ लाख ५७ हजार ७९१ केजी चामल बनाउन हुने धानको आयात भएको भन्सार विभागले जनाएको छ।

## कांग्रेस धनुषा सभापतिमा योगेन्द्र पजियार

धनुषा, २८ फागुन (रासस)। नेपाली कांग्रेस धनुषाको सभापतिमा योगेन्द्र पजियार निर्वाचित हुनुभएको छ। दोस्रो चरणको निर्वाचनबाट सन्तोष यादवलाई पराजित गरी उहाँ निर्वाचित हुनुभएको हो।

शुक्रबार राति आएको मतपरिणामअनुसार पजियार ६८९ को मतान्तरले निर्वाचित हुनुभएको छ। कूल खसेको दुई हजार ८१४ मतमध्ये पजियारले एक हजार ७३५ र यादवले एक हजार ४६ मत प्राप्त गर्नुभएको थियो भने ३३ मत बदर भएको निर्वाचन अधिकृत अरुणकुमार ज्ञवालीले जानकारी दिनुभयो। कूल तीन हजार ११९ मतदाता रहेकोमा दोस्रो चरणको निर्वाचनमा दुई हजार ८१४ मत खसेको थियो। पहिलो चरणमा नतिजा आउन नसकेपछि दोस्रो चरणको लागि शुक्रबार मतदान भएको थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानिय जनप्रतिनिधिहरू सँग लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखिकरण



**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

स्थानिय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको छ ।

शनिवार प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिलजिएसपी) जनकपुरधाम द्वारा दुई दिने अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो ।

उक्त अवसरमा अधिकारकर्मी देवराज पोखरेलले लैगिक दृष्टिकोणबाट योजनाबद्ध प्रकृयाहरूको विश्लेषण गर्ने, महिला समानता तथा महिला शसक्तिकरण अभियानका लागि कार्यक्रम आयोजना गरिएको बताए ।

उनले लक्षित सार्वजनिक श्रोतहरूको संकलन तथा बिनियोजन सुनिश्चित गर्ने, लैंगिक अन्तरहरूको सम्बोधन गर्ने लगानी सुनिश्चित गर्ने, लैंगिक अन्तरहरूको सम्बोधन गर्ने लगानी सुनिश्चित गरी बजेट ल्याउनुपर्नेमा जोड दिए ।

लैंगिक समानता तथा महिला शसक्तीकरणका लागि सरकारी जवाफदेहिता तथा पारदर्शिता अभिबृद्धि गर्ने उद्देश्यले अभिमुखिकरण गर्न लागेको उनको भनाई छ ।

सो अवसरमा राजबिराज नगरपालिका नगर प्रमुख शम्भु प्रसाद यादव, उप प्रमुख साधना झा, प्रमुख प्रशासकिय अधिकृत रेवती रमण शर्मा, वडा १ का अध्यक्ष चन्द्रशेखर चौधरी, वडा ३ का सुदर्शन सिँह, वडा ५ का अध्यक्ष समीर झा, वडा ७ का अध्यक्ष मागीलाल नाई, वडा ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली), वडा १० का अध्यक्ष सुशील दास, वडा १५ का अध्यक्ष राम प्रसाद यादव, वडा १६ का अध्यक्ष बुचाई दास, शिक्षा संयोजक भोगेन्द्र यादव, गैसस अध्यक्ष बलदेव मण्डल, आईटी अधिकृत सुरेश यादव लगायतको सहभागिता रहेको थियो ।

## सरकारको विभेदकारी ...

त्यसपछि पनि पटक पटक विद्यालय बन्द गर्नुपर्दा निजि विद्यालयका संचालक भएका गरगहना र जग्गा बैंकमा धितो राखी विद्यालय चलाउन ऋण लिन बाध्य भएको नेशनल प्याब्सन सप्तरीका अध्यक्ष नरेश प्रताप साहले गुनासो गरेका छन् ।

नेशनल प्याब्सन सप्तरीका सल्लाहकार थानेश्वर साहले कोरोनाका कारण निजि तथा आवसीय विद्यालय चरम संकटमा परेको बेला सरकारले सघाउनुको सट्टा उल्टै बिभेदकारी निति ल्याएर पीडा माथी पीडा थप्ने काम गरेको सुनाए ।

नेशनल प्याब्सन सप्तरीका सचिव दिनेश साहले सामुदायिक विद्यालयलाई प्रोत्साहित गर्न सरकारले ल्याएको छात्रबृति तथा अन्य कार्यक्रमले निजि तथा आवसीय विद्यालय थप संकटमा परेको गुनासो गर्दै लाखौं विद्यालयलाई गुणस्तरि शिक्षा प्रदान गर्न लागिपरेको निजि तथा आवसीय विद्यालयका लागि सरकारले कुनै प्रोत्साहन कार्यक्रम नल्याई बिभेदको नमूना प्रस्तुत गरेको बताए ।

कार्यक्रममा प्रमुख अतिथि निजि तथा आवसीय विद्यालयको छाता संगठन नेशनल प्याब्सनका राष्ट्रिय अध्यक्ष हमालले कोरोना तथा सरकारको विभेदकारी नीतिका कारण निजि विद्यालयहरु संकटमा परेको जिकिर गर्दै जिल्ला जिल्लाबाट त्यस्तो गुनासो आएको बताए । उनले उक्त गुनासो सम्बोधनका लागि सरकारसँग बैकल्पिक योजना ल्याउन आफूले सक्दो पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा नेशनल प्याब्सनकी उषा हमाल, पप्पु गुप्ता, राजेन्द्र साह, सुबुद्धि साह, उपेन्द्र चौधरी, रामकुमार मण्डल लगायतले पनि बोल्दै सरकारको विभेदकारी नीतिका कारण निजि तथा आवसीय विद्यालय संकटमा परेको भन्दै अविलम्ब त्यस्तो नीति खारेज गरि निजि विद्यालयलाई पनि सघाउने गरि नयाँ नीति र कार्यक्रम ल्याउनु पर्नेमा जोड दिएका थिए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्ठ भी भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## फाइजर खोपले बालबालिकामा ओमिक्रोन भाइरसको जोखिम घटायो

वासिङटन, २८ फागुन (रासस/सिन्ह्वा) ।

कोभिड विरुद्धको फाइजर खोपले बालबालिकामा ओमिक्रोन सङ्क्रमणको जोखिम उल्लेखनीयरुपमा कम गराएको एक अध्ययनले देखाएको छ । संयुक्त राज्य अमेरिकामा भएको एक अध्ययनले फाइजरको दुई मात्रा खोपले यो सङ्क्रमणमा उल्लेखनीयरुपमा कमी गराएको पाइएको बताइएको हो ।

अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रालले गरेको अनुसन्धानबाट यो तथ्य पत्ता लागेको बताइएको छ । यो खोप लगाएका पाँचदेखि १५ वर्ष उमेर समूहका बालबालिकामा सो अनुसन्धान गरिएको थियो ।

उक्त अनुसन्धान गएको सन् २०२१ को जुलाईदेखि यस वर्षको फेब्रुअरी महिनासम्मको गरिएको थियो । सो अध्ययनबाट फाइजर खोपको दुई मात्रा खोप लगाएका पाँचदेखि १२ वर्षका बालबालिकामा ओमिक्रोनको सङ्क्रमण ३१ प्रतिशतले कम भएको देखिएको थियो । त्यसैगरी १२ देखि १५ वर्ष उमेर समूहका बालबालिकामा यो जोखिम ५९ प्रतिशत कम भएको देखिएको सिडीसीले जनाएको छ ।

## दिल्लीमा आगलागीबाट सातको मृत्यु

नयाँदिल्ली, २८ फागुन (रासस/सिन्ह्वा) ।

नयाँ दिल्लीमा शनिबार बिहान भएको आगलागीमा परेर कम्तीमा पनि सातको ज्यान गएको बताइएको छ । प्राप्त समाचारअनुसार शनिबार भारतीय राजधानी नयाँदिल्ली सहरबाट उत्तरतर्फ रहेको गोकल्पुर भन्ने स्थानमा रहेका घर टहरामा शनिबार बिहान अकस्मात आगो लागेको थियो ।

सो आगोले कम्तीमा पनि सात जनाको ज्यान लिएको र अरु केही घाइते भएका अधिकारीले जनाएका छन् । एकजना उद्धारकर्मीले दिएको जानकारीअनुसार सो क्षेत्रमा ६० वटा घर टहरा रहेका र ती सबैलाई आगोले छोएको थियो ।

आगो ती सबै घरमा पुगेको र पछि दमकलले नियन्त्रणमा लिएको ती अधिकारीले जानकारी दिए । के कति कारणले आगो लागेको हो भन्ने बारेमा प्रहरीले अनुसन्धान थालेको जनाएको छ ।

त्यसैगरी यहाँ भएको क्षतिको विवरण पनि सङ्कलन भइरहेको तथा आगोबाट बचेका केही सरसामान हटाउने क्रम जारी रहेको ती अधिकारीले बताएका पनि समाचारमा जनाइएको छ ।

## भ्रष्टाचारको आरोपमा विपक्षी दलका नेता पक्राउ

कराँची, २८ फागुन (रासस/एएनआई) ।

पाकिस्तानमा भ्रष्टाचारको आरोपमा विपक्षी दलका नेतालाई पक्राउ गरिएको छ । पाकिस्तान सङ्घीय अनुसन्धान निकायले पाकिस्तान मुस्लिम लिग नवाज -पिएमएल-एन) का नेता तथा पूर्वसिनेटर चौधरी तानविर खानलाई पक्राउ गरेको हो । उहाँलाई शुक्रबार कराँचीबाट पक्राउ गरिएको सरकारी अधिकारीले पुष्टि गरेको स्थानीय समाचार संस्थाले जनाएका छन् । नेता खान विमान चढेर भागेर संयुक्त अरब इमिरेट्स प्रस्थान गर्न लागेको बेला पक्राउ गरिएको अधिकारीले जनाएका छन् । उहाँलाई भ्रष्टाचारको आरोप लगाउदै पक्राउ सूचीमा यसअघि नै राखिएको थियो । पक्राउ गरिएपछि अब अरु कानुनी प्रक्रिया सुरु हुने अधिकारीको भनाइ छ ।

## बाहिरका हेरालुसँग हुर्केका बच्चाको व्यवहारमा उनीहरुकै प्रभाव : अध्ययन

जुरिच, २८ फागुन (रासस/एएनआई) ।

बाहिरका हेरालुसँग हुर्केका बालबालिकाहरुको व्यवहारमा उनीहरुकै प्रभाव पर्ने गरेको एक अध्ययनले देखाएको छ । स्विजरल्याण्डमा गरिएको अध्ययनका क्रममा जुरिचको विद्यालय एक हजार ३०० बालबालिकालाई सहभागी गराइएको थियो ।

बाहिरका हेरालुको साथमा धेरै समय छोड्दा उनीहरुकै स्वभाव बालबालिकामा विकास हुने भएकाले बालबालिकालाई आफै स्याहारसुसार गर्न पनि अध्ययनकर्ताले सुझाव दिएका छन् । "बच्चासँग सकेसम्म घरकै परिवारले समय बिताउनु राम्रो हुन्छ, बाहिरका हेरालुसँग राखियो भने उनीहरुकै बानीअनुसारको व्यवहार बच्चामा पनि विकास हुने गरेको देखिएको छ," अध्ययन प्रतिवेदनमा लेखिएको छ ।

यस्तो प्रभाव सामान्यतया प्राथमिकत कक्षाको अध्ययन सकिएपछि धेरै प्रकट हुने गरेको पनि अध्ययनले देखाएको छ । अध्ययनमा सहभागी बालबालिकामध्ये ६७ प्रतिशत बालबालिकालाई शिशु कक्षाभन्दा अगाडि पारिवारिक सदस्यभन्दा बाहिरकाले हेरचाह गर्ने गरेको पाइएको थियो । तीमध्ये ३२ प्रतिशतलाई दिवा हेरचाह केन्द्रमा राख्ने गरेको पाइएको छ ।

त्यसैगरी अरु २२ प्रतिशतलाई शिशु स्याहार केन्द्र र अर्को २२ प्रतिशतलाई पारिवारिक सदस्यभन्दा बाहिरका कुनै व्यक्तिले हेरचाह गर्ने गरेको अध्ययनले देखाएको छ । अध्ययनका अनुसार तीन प्रतिशतलाई भने छिमेकीले हेरचाह गरिदिने गरेका छन भने १२ प्रतिशतलाई धाइआमाले हेरचाह गर्ने गरेको पाइएको छ ।

# मैथिली साहित्य परिषदद्वारा होरी मिलन तथा सम्मान समारोह




**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन ।**
मैथिली साहित्य परिषदले शनिबार होरी मिलन तथा सम्मान कार्यक्रमको आयोजना गरेको छ ।

मैथिली साहित्य परिषद तथा मैथिल महिला परिषदको संयुक्त आयोजनामा कार्यक्रमको आयोजन गरिएको हो ।

सो अवसरमा मैथिली साहित्य परिषदका पुर्व अध्यक्ष देवेन्द्र मिश्रले मैथिल भाषाको संरक्षण र सम्बर्धवनका लागि एकजुट हुनुपर्नेमा जोड दिए ।

मैथिल महिला परिषद अध्यक्ष शान्ति झाको अध्यक्षतामा आयोजित कार्यक्रममा मैथिली साहित्य परिषदका अध्यक्ष सतिश दत्त, पुर्व अध्यक्ष शुभचन्द्र झा, बिष्णु मण्डल, पुर्व शिक्षिका मंजु श्रेष्ठ, कार्यसमिति सदस्य चन्दन कुमार यादब, लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

उक्त अवसरमा मैथिल महिला परिषदका किरण झा, कंचन झा, पिंकी झा, मिना गुप्ता, ललिता झा, मुक्तीनाथ यादब लगायतले होरी गित सुनाएका थिए ।

कार्यक्रममा पुर्व जेष्ठ शिक्षिका मंजु श्रेष्ठले मैथिल महिला परिषदलाई जानकी नवमी मनाउन पाँच हजार नगद प्रदान गरिन ।

# माओवादी केन्द्रमा तीन दर्जन भन्दा वढी प्रवेश



**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन ।**
नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य मातृका प्रसाद यादवले पार्टीलाई जिवित राख्न पार्टी भित्र संघर्ष जारी राख्न नेता तथा कार्यकर्तालाई आह्वान गरेका छन् ।

राजविराजमा नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति सप्तरीको आयोजनामा कार्यकर्ता भेटघाट, पार्टी प्रवेश तथा सम्मान कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

सप्तरी संघर्षशील जिल्ला रहेको स्मरण गर्दै उनले पार्टी वनाउन संघर्ष अपरिहार्य रहेको जिकिर गरे । उनले गठबन्धन भत्काउन कांग्रेस इतर पक्ष र केपी शर्मा ओली पक्ष लागी परेकोमा गठबन्धन नभत्किने ठोकुवा समेत गरे ।

माओवादी केन्द्र पार्टी भित्र दुई दल अस्तित्वमा रहेको कारण एमसीसीको पक्ष र विपक्षमा मतदान हुनु दुर्भाग्यको संज्ञा दिए । सोही अवसरमा प्रमुख अतिथि यादवले जसपा र स्वतन्त्र गरी तिन दर्जन भन्दा वढीलाई माओवादीकेन्द पार्टीमा प्रवेश गराए ।

प्रवेश गर्नेमा राजविराज नगरपालिका वडा नं. १० का रामपुर क्याम्पसका रिटायर्ड प्राध्यापक डाक्टर देवनाथ यादव, सुभाष यादव, धर्मनाथ यादव, चन्द्रनारायण यादव, भागवत यादव, नागेश्वर यादव, आशाराम खंग, तिलाठीकोइलाडी गापाका प्रविण कामैत, इन्दल कामैत, रुन्दि शर्मा, सम्बोध झा, आलोक झा, सुनिल मिश्र, नारायण कामैत, सहदेव कामैत, बद्री कामैतलगायत रहेका छन ।

नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्य अशोक कुमार मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रिय सदस्य सुर्यनाथ यादव, पुर्व निर्वाचन आयोगका प्रमुख आयुक्त अयोधी प्रसाद  यादव, डा देवनाथ यादव लगायतले विचार व्यक्त गरेका थिए ।

सो अवसरमा केन्द्रिय सदस्य सुर्यनाथ यादव, पुर्व निर्वाचन आयोगका प्रमुख आयुक्त अयोधी प्रसाद यादव, बोदे बर्साईन नगरपालिकाका नेकपा (माओवादी केन्द्र) का सम्भाबित प्रमुख पदका उम्मेदवार डा सुर्य प्रसाद यादवलाई खादा लगाएर सम्मान गरेका थिए ।

# ग्यास सिलिण्डर लिकहुँदा आगलागि

**दैनिक समाचारदाता**
**राजबिराज, २८ फागुन ।**
राजविराज वडा नं. ५ मा शनिबार खाना पकाउने क्रममा ग्यास सिलिण्डर लिक भई आगलागि हुँदा पाँच लाख बराबरको क्षति भएको छ ।

राजविराज नगरपालिका वडा नं. ५ पविमावि नजिक बस्ने जोगिन्द्र गुप्ताको दुई तल्ले पक्की घरको माथिल्लो भान्सा कोठामा खाना पकाउने क्रममा ग्यास चुल्लोबाट ग्यास लिक भई आगलागी भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट वासिङ्ग मेसिन, ट्रंक, काठको कुर्सी, सुटकेश, ग्यास सिलिन्डर र चुलो, झयाल, ढोका, स्टिलको दराज, वक्स पलंग, सिलिङ फ्यान, किचेनको सम्पुर्ण समान तथा लताकपडा जलेर नष्ट हुँदा पाँच लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटेको प्रहरी टोली, स्थानिय र दमकलको सहयोगमा उक्त आगोलाई नियन्त्रणमा लिइएको जनाइएको छ ।

## *तीनै तहको...*

गरेको षडयन्त्र असफल पार्न संशोधनसहित संसदबाट अनुमोदनका लागि पहल गरिएको बताए ।

गठबन्धनलाई धरापमा पार्न एमाले अध्यक्ष ओली अहिले पनि विभिन्न षडयन्त्र रचिरहेको आरोप लगाउँदै उनले गठबन्धनका शिर्ष नेताको समझदारीले त्यसलाई असफल बनाउँदै लगेका स्पष्ट पारे ।

मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भावपूर्ण श्रद्धाञ्जली



यस संस्थाका संचालक समिति सदस्य रन्धिर कुमार कर्णका पिता **श्याम किशोर लाल कर्ण**को ७६ वर्षको उमेरमा २०७८ फागुन १७ गते स्वर्गारोहण भएको १३ औं दिनको पुण्य तिथिको अवसरमा दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल सहकारी संस्था लि.**
**राजविराज, सप्तरी (परिवार)**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*